नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

(............................कर्मचारी प्रशासन.........शाखा)

फोन नं. ४२६२५९० ४२६२८०२ ४२६२७०६ ४२६२९३५ ४२६२८६२ ४२२३५८०

रामशाहपथ,
काठमाडौं, नेपाल ।

प्राप्त पत्र संख्या :-
पत्र संख्या :-
चलानी नं. :- ६२०४

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय २०६१

मिति : २०७६।०३।३१

**विषय :-** करार नियुक्ति तथा करार म्याद थप सम्बन्धमा ।

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय,
सिंहदरबार, काठमाडौं।

नेपाल सरकारबाट सञ्चालित स्वास्थ्य संस्थाहरुबाट प्रदान भईरहेको स्वास्थ्य सेवामा कमी आउन नदिन स्वास्थ्य सेवा सुचारु रुपमा सञ्चालन गर्नको लागि नेपाल सरकार (मा.उपप्रधान एवं स्वास्थ्य तथा जनसंख्या मन्त्रीस्तर) को मिति २०७६।०३।३० को निर्णयानुसार सातै प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयहरूलाई स्वास्थ्य सेवाका चिकित्सक तथा स्वास्थ्यकर्मीहरुको करार नियुक्ति तथा करार म्याद थप गर्ने सम्बंन्धमा देहाय बमोजिम निर्णय कार्यान्वयनको लागि तहाँ कार्यालय मार्फत पत्राचार गरिदिन हुन निर्णयानुसार अनुरोध गर्दछु ।

१. प्रदेश मातहतका कार्यालयहरुमा करार सेवामा कार्यरत रहेका सातौं/आठौं/नवौं तहका चिकित्सक तथा स्वास्थ्यकर्मीहरूको करार सेवाको म्याद २०७६ असारमसान्त सम्म रहेकोले हाललाई २०७६ श्रावण १ गते देखि ६ महिनाको लागि "करार निर्देशिका २०७२" बमोजिम म्याद थप गर्ने वा प्रदेश सरकारबाट स्वीकृत निर्देशिकाको अधिनमा रही पुरा गर्नुपर्ने विधि र प्रकृया पुरा गरी प्रदेश सरकारले करारमा जनशक्ति व्यवस्थापन गर्ने गरी लेखी पठाउने ।

२. प्रदेश सरकार मातहत रहेका अस्पतालहरूमा स्वीकृत दरवन्दीको परिधि भित्र रही चिकित्सक लगायत स्वास्थ्यकर्मीहरूको सेवा आवश्यक भएमा प्रदेश सरकाको श्रोतबाट गर्ने गरी करार सेवामा नियुक्ती गर्न सक्ने ।

३. चिकित्सक लगायतका स्वास्थ्यकर्मी करारमा रहेका पदहरूमा समायोजन प्रणालीबाट पद पुर्ति भएमा र स्थायी प्रकृयाबाट पदपुर्ति भएमा त्यस्ता पदहरूमा करारमा रहेका स्वास्थ्यकर्मि एवं चिकित्सकको म्याद थप नगर्ने व्यवस्था मिलाउने । स्वीकृत पद भन्दा बढी दरबन्दीमा करारमा सेवा लिएमा त्यसको जिम्मेवार सम्बन्धित अधिकारीनै जवाफदेही हुनेछ ।

४. स्वीकृत करार निर्देशिका, २०७२ अनुसार करारमा राखिएका चिकित्सक लगायतका स्वास्थ्यकर्मीको करारको म्याद २ वर्ष पुरा भएको भए त्यस्ता स्वास्थ्यकर्मी र चिकित्सकको म्याद थप गर्न नमिल्ने हुँदा त्यस्ता स्थानमा प्रदेश सरकारले करार निर्देशिका, २०७२ को भावना र मर्म अनुरूप प्रदेश सरकारले आफ्नो कार्यविधि स्वीकृत गरी स्वीकृत दरवन्दी भित्र आवश्यकताका आधारमा आवश्यक प्रकृया पुर्याई करारमा लिने वा त्यस्तो अधिकार सम्बन्धित अस्पतालको मे.सु. लाई प्रत्यायोजन गरी आवस्यक निर्देशन दिन सक्ने व्यवस्था मिलाई अस्पतालहरूमा स्वास्थ्य सेवा उपलब्ध गराउन जनशक्तिको व्यवस्थापन गर्न सक्ने व्यवस्था मिलाउन लेखी पठाउने ।

(भानुभक्त न्यौपाने)
उप-सचिव

नेपाल सरकार
# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
(........................................कर्मचारी प्रशासन.........शाखा)

फोन नं. ४२६२५९० ४२६२८०२ ४२६२७०६ ४२६२९३५ ४२६२८६२ ४२२३५८०

रामशाहपथ,
काठमाडौं, नेपाल ।

प्राप्त पत्र संख्या :-
पत्र संख्या :-
चलानी नं. :- 6२0८

मिति : २०७६।०३।३१

विषय :- करार नियुक्ति तथा करार म्याद थप सम्बन्धमा ।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

नेपाल सरकारबाट सञ्चालित स्वास्थ्य संस्थाहरुबाट प्रदान भईरहेको स्वास्थ्य सेवामा कमी आउन नदिन स्वास्थ्य सेवा सुचारु रुपमा सञ्चालन गर्नको लागि नेपाल सरकार (मा.उपप्रधान एवं स्वास्थ्य तथा जनसंख्या मन्त्रीस्तर) को मिति २०७६।०३।३० को निर्णयानुसार स्थानीय तहहरूलाई स्वास्थ्य सेवाका चिकित्सक तथा स्वास्थ्यकर्मीहरुको करार नियुक्ति तथा करार म्याद थप गर्ने सम्बन्धमा देहाय बमोजिम निर्णय कार्यान्वयनको लागि तहाँ मन्त्रालय मार्फत पत्राचार गरिदिन हुन निर्णयानुसार अनुरोध गर्दछु ।

१. विगतमा मन्त्रालयबाट आवश्यक प्रकृया पुन्याइ करारमा खटाएका चिकित्सकहरूको करार अवधि निम्नानुसार व्यवस्थापन गर्न सक्ने ।

- हाललाई ६ महिनाका लागि करार थप गर्न सक्ने ।
- २ वर्ष करार अवधी पुरा भएका चिकित्सकको हकमा करार अवधी थप गर्न नमिल्ने हुंदा त्यस्तो स्थानमा आवश्यक प्रकृया पुन्याइ चिकित्सक करारमा लिन उपयुक्त हुने ।
- थप आर्थिक दायित्व बढ्ने विषयमा विशेष ध्यान दिनुपर्ने ।
- करार निर्देशिका २०७२ अनुरूप करार सेवा लिदा पुरा गर्नु पर्ने विधि र प्रकृयाको परीपालना गर्न गराउन उक्त निर्देशिका सबै स्थानीय तहहरूलाई पठाउने ।

(भानुभक्त न्यौपाने)
उप-सचिव